# सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल

पत्र संख्या :

चलानी नं. :

बबरमहल, काठमाडौं ।

मिति:- २०७४।०८।१९

## प्रेस- विज्ञप्ति

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल "प्रचण्ड" र बाँदरमुढे घटनाका पिडितहरुको तर्फबाट भनी कृष्ण तिवारी, मंगली पुन, विकास लामिछाने र हरि न्यूरेबिच मिति २०७४।०८।१७ मा भएको भनिएको देहाय बमोजिमको लिखित प्रतिबद्धता पत्रप्रति यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।



बाँदरमुढे घटना पिडीतको तर्फबाट अगाडी बढाईएका निम्न ३ वटा मागहरु पुरा गर्न नेकपा माओवादी केन्द्र तयार छ। पहिलो चरण अन्तर्गत पिडीतपक्षबाट अगाडी सारीएका यी मागहरु केन्द्रले सम्बोधन गर्ने छ। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र बाँदरमुढे घटना पिडीतबिचको लिखित प्रतिबद्धता पत्र।

१.मृतकमा आश्रित परिवारका लागि
क.काम गर्न सक्नेलाई रोजगार तथा स्वरोजगार
ख.नसक्नेका लागि जीवनवृत्ति
ग.बालबालिकाको पठन पाठनको व्यवस्था

२ घाईतेहरुको अवस्थाहरु हेरी
क.औषधि उपचारको व्यवस्था।
ख काम गर्न सक्नेलाई रोजगार तथा स्वरोजगार
ग नसक्नेलाई जीवनवृत्ति

पुनश्च : माथि उल्लेखित २ वटा मागहरुमा घटना घटेदेखि अहिले सम्मको उपचार खर्च, मृतक तथा घाईते परिवारमा परेको आर्थिक क्षति एवं बालबालिकाको पठन पाठन खर्चको पनि परिपुरण गर्नको लागि पिडीतपक्षबाट ३ जना,नेकपा माओवादी केन्द्रबाट ३ जना र मध्यस्तताका लागि माडी नगरपालिकाबाट १ जना प्रतिनिधी रहने गरि समिति निर्माण गरि उक्त समितीले गरेको छानबिन बमोजिम उल्लेखित विषय अन्तर्गतका मागहरु पुरा गरिने छ।

३. घटनामा ज्यान गुमाउन पुगेका मृतकको सम्झनामा घटनास्थल बाँदरमुढे क्षेत्रमा १० बिगाह क्षेत्रफलभित्र स्मारक, ऐतिहासीक नमुना संग्रहालय तथा पिडीयाघर निर्माण गरि माडीकै प्रमुख पर्यटकीय स्थल बनाउन सहमती गरिएको छ।

पुष्पकमल दाहाल "प्रचण्ड"
अध्यक्ष, नेकपा (माओवादी केन्द्र)

बाँदरमुढे घटना पिडीतहरुको तर्फबाट
१. कृष्ण तिवारी
२. मंगली पुन
३. विकास लामिछाने
४. हरि न्यूरे ([illegible])

फोन नं. ०१ ४२२३६०१, फ्याक्स नं. ०१ ४२२०२९७, ई-मेल: trcbabarmahal@gmail.com

# सत्य निरुपण तथा मेलमिलाप आयोग नेपाल

पत्र संख्या :

चलानी नं. :

बबरमहल, काठमाडौं ।

सशस्त्र द्वन्दका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन समाजमा मेलमिलाप गराई पारस्परिक सदभाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पिडित व्यक्तिलाई परिपुरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारवाहीको लागि सिफारिस गर्न यस आयोगको गठन बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम भएको हो । ऐनद्धारा प्रदत्त आयोगको उल्लिखित क्षेत्राधिकारको वेवास्ता गर्दै भएको उपरोक्त लिखित प्रतिबद्धताले आयोगको सम्पूर्ण काम कारवाहीमा नै नकारात्मक प्रभाव पर्ने देखिनुका साथै पिडितको आयोगप्रतिको विश्वास र सुरक्षा सम्बन्धी विषयमा समेत यसले गम्भीर चुनौती थपिदिएको छ ।

आयोगले प्रदेशस्तरमा आफ्नो मुकाम खडा गरी स्वतन्त्र र निष्पक्ष रुपमा छानविन अघि बढाइरहेका सन्दर्भमा कुनै राजनीतिक दलका तर्फवाट भएको यस किसिमको लिखित प्रतिबद्धताले आयोगको काम कारवाही प्रभावित हुने हुँदा यस्तो घटनाप्रति आयोग खेद व्यक्त गर्दछ । साथै आगामी दिनमा आयोगको क्षेत्राधिकारमा हस्तक्षेप गर्ने कुनै पनि किसिमको गतिविधी नगर्न नगराउन सम्बन्धित सवै पक्षहरुसँग र पिडितको सुरक्षाको समुचित व्यवस्था गर्न नेपाल सरकार समक्ष आयोग आग्रह गर्दछ।

सूर्यकिरण गुरुङ्ग

अध्यक्ष

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल

फोन नं. ०१ ४२२३६०१, फ्याक्स नं. ०१ ४२२०२९७, ई-मेल: trcbabarmahal@gmail.com